# नयाँ संविधानअन्तर्गत अल्पसङ्ख्यकका अधिकार



## नेपालमा सहभागितामूलक संविधान निर्माण पुस्तिका श्रृङ्खला
## ७

CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

नेपाली

नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना- युएनडीपी

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# नयाँ संविधानअन्तर्गत अल्पसङ्ख्यकका अधिकार

पुस्तिका शृङ्खला ७

नयाँ संविधानअन्तर्गत अल्पसङ्ख्यकका अधिकार १

व्यक्तिगत अधिकार के हो ? १

नेपालले व्यक्तिगत अधिकारलाई कसरी लिएको छ ? २

अल्पसङ्ख्यक अधिकारका बारेमा विशेष कुरा के छ ? ३

नेपालमा संरक्षण कसलाई आवश्यक छ ? ४

अल्पसङ्ख्यकको अधिकारका सम्बन्धमा संविधान सभाका विकल्पहरू के के छन् ? ५

मानव अधिकारको विश्वव्यापी घोषणामा पहिचान गरिएका व्यक्तिगत अधिकारहरू के के हुन् ? ७

# नयाँ संविधानअन्तर्गत अल्पसङ्ख्यकका अधिकार

नेपाली जनता आफ्नो नयाँ संविधान बनाउँदैछन् । तिनीहरू संविधान सभाका आफ्ना प्रतिनिधिहरूले संविधानमार्फत् अल्पङ्ख्यकका अधिकारहरू संरक्षण गरेको र शताब्दीयौंदेखिको भेदभाव अन्त्य गराएको सुनिश्चित गरेको चाहन्छन् ।

यो महत्वपूर्ण काम गर्नका लागि संविधान सभाले निम्न पाँच कुराहरूमा ध्यान दिनुपर्दछ :

१. व्यक्तिगत अधिकार के हो ?
२. व्यक्तिगत अधिकारका सम्बन्धमा नेपालको संविधानले अहिले के भन्दछ ?
३. अल्पसङ्ख्यको अधिकारका सम्बन्धमा विशेष कुरा के छ ?
४. नेपालमा कसलाई संरक्षण चाहिन्छ ?
५. अल्पसङ्ख्यकको अधिकारका सम्बन्धमा संविधान सभाका विकल्पहरू के के छन् ?
६. मानव अधिकारको विश्वव्यापी घोषणामा पहिचान गरिएका व्यक्तिगत अधिकारहरू के के हुन् ?

## १. व्यक्तिगत अधिकार के हो ?

अधिकारका बारेको धारणा स्वचालित (Automatic) छ । यो यस्तो कुरा हो, जसका लागि तपाईंले लड्नु पर्दैन । यो तपाईंको हुन्छ र तपाईंबाट खोस्न सकिँदैन ।

व्यक्तिगत अधिकारहरू तपाईंका हुन् किनकि तपाईं मानव हुनुहुन्छ । उदाहरणका लागि प्रत्येक मानिसलाई दास बन्न नपाउने, यातना नपाउने, सम्पत्ति राख्न पाउने, बिबाहको र परिवारको तथा शिक्षाको अधिकार हुन्छ । यी अधिकारहरू प्राप्तिका लागि कुनै निश्चित समूहको अङ्ग बन्नु आवश्यक छैन । सबैलाई छ ।

व्यक्तिगत अधिकारहरू मानव अधिकारको विश्वव्यापी घोषणामा परिभाषित छन् । दोस्रो विश्वयुद्धको क्रममा एसिया लगायत समस्त विश्वका त्रासदीपूर्ण दुःखद अनुभवहरूपछि संयुक्त राष्ट्रसङ्घद्वारा यसको पहिलो कामका रूपमा यो महत्वपूर्ण घोषणा ग्रहण गरिएको थियो ।

मानव अधिकारको विश्वव्यापी घोषणाले यसले पहिचान गरेका अधिकारहरू प्रत्येक व्यक्तिका लागि हुन् भन्दछ । यी व्यक्तिगत अधिकारहरू तपाईंबाट खोसिन सक्दैनन् वा तपाईंको जात, वर्ण, लिङ्ग वा भाषाका कारण तपाईंलाई दिनबाट अस्वीकार गरिँदैनन् । तपाईं कुन धर्म मान्नुहुन्छ,

तपाईंको राजनीतिक आस्था के हो, तपाईंको जन्म कहाँ भएको हो वा तपाईंको सामाजिक अवस्था कस्तो छ यसले सरोकार राख्दैन। तपाईं अल्पसङ्ख्यक समूहको सदस्य भएकाले यसमा फरक पार्दैन । तपाईंका अधिकार तपाईंका नै हुन् र तपाईंबाट यिनीहरूलाई खोस्ने अनुमति कानुनले दिँदैन । यो पुस्तिकाको अन्त्यमा तपाईं मानव भएका कारण तपाईंले पाउनुभएका अधिकारहरूको पूर्ण सूची दिइएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा नेपालीमा अध्ययन गर्नका लागि कृपया यो वेबसाइटमा जानुहोस् : **http://www.ohchr.org/EN/UDHR/Pages/Language.aspx¿LangID=nep**

अरू महत्वपूर्ण दस्तावेजहरूको अध्ययनका लागि संवैधानिक संवाद केन्द्रको वेबसाइट **http://www.ccd.org.np/en/** मा जानुहोस् ।

## २. नेपालले व्यक्तिगत अधिकारलाई कसरी लिएको छ ?

नेपालले सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घमा मानव अधिकारको विश्वव्यापी घोषणामा मतदान नगरेको भए पनि यो सबै मानवको हकमा लागू हुने भएकाले नेपालीमा पनि लागू हुन्छ। मानव अधिकारहरूको कानुनी संरक्षण गर्नका लागि सन् १९६६ मा अन्तर्राष्ट्रिय समुदायले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको तर्जुमा गऱ्यो । नेपालले विसं २०४८ मा यसमा हस्ताक्षर गरेकोमा नेपालीहरूले गर्व गर्न सक्छन् ।

यसले यी अधिकारहरूलाई धेरै कानुनी आधार प्रदान गऱ्यो । तर सबैलाई थाहा भएको कुरा यो छ कि कानुनमा मानव अधिकारको व्यवस्था गर्नुले मात्र अधिकारहरू संरक्षित हुन्छन् भन्ने कुराको सुनिश्चित गर्दैन। प्रजातन्त्रको सङ्घर्ष तथा जनयुद्धको क्रममा व्यक्तिगत अधिकारको हनन् भएबाट धेरै जनताले कष्ट पाए ।

हाल प्रचनमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ मा यी व्यक्तिगत अधिकारहरू संरक्षित छन् । यसको अर्थ यी अधिकारहरूसँग बाझिने वा दिन अस्वीकार गर्ने कानुन बन्न सक्ने छैनन्, र राज्यका कुनै पनि अधिकारीहरूले - कर्मचारी, सैनिक, प्रहरी अधिकृत, न्यायाधीश - कुनै नेपालीलाई उसको मौलिक मानव अधिकारलाई गैरकानुनी रूपमा दिन अस्वीकार गर्न सक्दैन भन्ने हो । तर अहिले पनि यस्ता अधिकारहरूको रक्षामा सरकार प्रायः असफल हुन्छ र धेरै नेपालीका अधिकारहरू प्रत्येक दिन हनन् भइरहेका छन्। यो पुस्तिकामा हामी नयाँ संविधानले नेपाली जनताका अधिकारहरूको पहिचान मात्र नगरी नयाँ नेपालमा तिनीहरूको सक्रियरूपमा कसरी संरक्षण गर्न सक्छ भन्ने बारेमा केही भन्नेछौं ।

# ३. अल्पसङ्ख्यक अधिकारका बारेमा विशेष कुरा के छ ?

**आधारभूत अधिकार :** यदि तपाइँ अल्पसङ्ख्यक समूहको सदस्य हुनुहुन्छ भने (र हामी यसका बारेमा यो पुस्तिकामा पछि चर्चा गर्नेछौं) तपाईंसँग दुई प्रकारका अधिकारहरू रहेका छन् । प्रथमतः तपाइँसँग अरूलाई प्राप्त भए जस्तै आधारभूत अधिकारहरू छन् र यसमा तपाईंको अल्पसङ्ख्यक अवस्थाका कारण तपाईंलाई भेदभाव नगरिने अधिकार पनि अधिकार पनि पर्दछ । अन्तर्राष्ट्रिय अभ्यासहरू अनुरूप नेपालको संविधानले तपाईंको अल्पसङ्ख्यकको अवस्थाका कारण तपाईंविरूद्ध विभेद गर्ने कानुनहरू अमान्य हुने कुरा सुनिश्चित गरेको छ ।

**सकारात्मक अधिकार :** तर नेपाल यो भन्दा अगाडि बढेको छ । सन् १९७१ जनवरीमा नेपाल अरू राष्ट्रहरूसँगै सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धिमा सहभागी भयो । यो कानुनअन्तर्गत नेपाल अल्पसङ्ख्यकहरूविरूद्ध भेदभाव नगर्ने आफ्नो प्रतिबद्धता भन्दा अगाडि गएको छ । यसले जाति वा वर्ण, वा वंश वा राष्ट्रियता वा जातीय उद्‌गमका आधारमा हुने सबै प्रकारका भेदभावहरूको भर्त्सना गर्दछ । यसले नेपालमा यस प्रकारका सबै भेदभावहरूको अन्त्य गर्नका लागि सकारात्मक कदम चाल्ने कुरामा सहमति जनाएको छ ।

नेपालको अन्तरिम संविधानले ऐतिहासिक रूपमा नै धेरै जनता नराम्ररी विभेदमा परेको कुरालाई स्वीकार गरेको छ । दलित, आदिबासी जनजाति, मधेशी, पिछडिएका र अल्पसङ्ख्यक समुदायका समस्याहरूलाई सम्बोधन गर्नका लागि समग्र राज्यको पुनःसंरचना गर्ने प्रतिवद्धता अन्तरिम संविधानले गरेको छ । यो वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक र धार्मिक आधारमा हुने भेदभावको अन्त्य गर्दै तथा सीमान्तीकृत समुदायहरूको उत्थानका लागि विशेष उपायहरू अवलम्बन गर्दै गरिन्छ ।

हामी अरू अन्तर्राष्ट्रिय कानुनहरू तथा मापदण्डहरू पनि उल्लेख गर्न सक्छौं, जसले निश्चित समूहका जनताविरूद्ध भेदभाव गर्ने कार्यलाई रोक्छ । संयुक्त राष्ट्रसङ्घले अल्पसङ्ख्यकहरूको अधिकारका सम्बन्धमा केही महत्वपूर्ण मापदण्डहरू ग्रहण गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६), आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६), सबै प्रकारका जातीय भेदभावको अन्त्य गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६) ले यस सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डको केन्द्रीय निकायको निर्माण गर्दछन् । अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को आदिबासी तथा जनजाति सम्बन्धी अनुवन्ध, १९८९ (१६९ नम्बर) र सन् २००७ मा महासभाद्वारा पारित आदिबासी जनजातिको अधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय घोषणामा आदिबासी जनजातिका सरोकारका महत्वपूर्ण मापदण्डहरू (तिनीहरूको अल्पसङ्ख्यकको अवस्थाका बाबजुद) उल्लेख भएका छन् र यो शृङ्खलामा अन्यत्र व्याख्या गरिएका छन् ।

**समूहको अधिकार :** तर कानुनले अल्पसङ्ख्यकको अधिकार प्राप्त गर्ने सदस्यहरूलाई कहिले काहीँ समूहको रूपमा अभ्यास गर्न सक्ने गरी विशिष्ट निकायको अधिकार प्रदान गर्ने कुरा अल्पसङ्ख्यकको अधिकारका सम्बन्धमा विशेष कुरा हुन्छ र तिनीहरूलाई यी सामूहिक अधिकारको अभ्यासका लागि राज्यले विशेष उपाय अवलम्बन गर्नु आवश्यक पर्दछ । अन्तर्राष्ट्रिय कानुनले भन्दछ **"जातीय, धार्मिक अल्पसङ्ख्यकहरू रहेका राज्यहरूमा त्यस्ता अल्पङ्ख्यकमा पर्ने व्यक्तिहरूलाई तिनीहरूको समुदायका अरू सदस्यहरूसँग समुदायमा तिनीहरूको आफ्नो संस्कृति अवलम्बन गर्न, आफ्नो धर्म मान्न र अभ्यास गर्न, वा आफ्नो भाषाको प्रयोग गर्नबाट बञ्चित गरिने छैन ।"**

## ४. नेपालमा संरक्षण कसलाई आवश्यक छ ?

नेपालमा हिन्दु धार्मिक बहुसङ्ख्यक छन् तर तिनीहरू पनि जात, जातीयता र भाषिक आधारमा विभाजित छन् । यो धार्मिक बहुसङ्ख्या बाहेक सङ्ख्यात्मक रूपमा बहुसङ्ख्यक रहेको एउटा पनि समूह छैन । नेपालमा आदिबासी जनजाति, तल्लो जातिका समूह, महिला र प्रभुत्वमा रहेको धर्ममा नपर्नेहरू विरूद्ध भेदभावको लामो परम्परा रही आएको छ । लामो समयसम्म यो कानुनी रूपमा मान्य र अझै सरकारद्वारा कार्यान्वयनमा ल्याइएको थियो । २०५८ को राष्ट्रिय जनगणनाले १०० वटा अल्पसङ्ख्यक समूहहरू रहेको देखाएको छ ।

**आदिबासी जनजाति अल्पसङ्ख्यकहरू :** २०५८ को राष्ट्रिय जनगणना अनुसार आदिबासीहरू (आदिबासी र जनजातिको रूपमा चिनिएका) नेपालको कुल जनसङ्ख्याको करिब ३६ प्रतिशत रहेका छन् । आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ लागू गरी नेपालले ५९ वटा जातिहरूलाई आदिबासी जनजाति समुदायमा पहिचान गरी तिनीहरूलाई मान्यता दिएको छ । त्यो कानुन अनुसार "आदिबासी जनजाति भन्नाले आफ्नै मातृभाषा र परम्परागत रीतिरिवाज, बेग्लै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा मौखिक इतिहास भएका जातीय समूह वा समुदाय" लाई बुझाउँछ । तिनीहरूमध्ये चार वटा (मगर, थारू, तामाङ, नेवार) को १० लाखदेखि ३० लाख ६० हजारको बीचमा र पाँच वटाको एक लाखदेखि दश लाखको बीचमा जनसङ्ख्या रहेको छ । धेरैका एक हजार भन्दा कम सदस्यहरू रहेका छन् । ७५ जिल्लाहरूमध्ये ३० वटामा आदिबासी जनजाति समूह ५० प्रतिशतभन्दा माथि रहेको छ । तर पाल्पा (मगर), रसुवा (तामाङ), भक्तपुर (नेवार) र मनाङ (गुरूङ) मात्र एउटा आदिबासी जनजाति समूहको बहुमत रहेका जिल्लाहरू हुन् ।

**भाषिक अल्पसङ्ख्यकहरू :** नेपालमा बोलिने भाषाहरू ९२ वटा रहेका छन् । सामान्यतः खस (नेपाली) बाहेकका सबै भाषाहरू अल्पसङ्ख्यकका भाषा मानिन्छन् । २०५८ को राष्ट्रिय जनगणनामा कुल जनसङ्ख्याको आधाभन्दा थोरै कमले नेपालीलाई तिनीहरूको प्राथमिकताको

भाषाको रूपमा रोजेका छन् । अन्य ठूला भाषिक समूहहरूमा मैथिली (१२.३०%), भोजपुरी (७.५३%), अवधि (२.४७%), उर्दू (०.७७%), र हिन्दी (०.४७%), थारू (५.८६%), तामाङ (५.१९%), नेवार (३.३६%), मगर (३.६३%), गुरूङ (१.४९%) र लिम्बू (१.४७%) रहेका छन् । बाँकी रहेका अन्यको प्रतिशत ६.८२ रहेको छ ।

**धार्मिक अल्पसङ्ख्यकहरू :** २०६३ मा अन्तरिम संविधानले धर्मनिरपेक्ष घोषणा नगर्दासम्म नेपाल हिन्दु राज्य थियो । २०५८ को जनगणनाले नेपालको जनसङ्ख्यालाई छवटा श्रेणीमा राखेको छ : हिन्दु, बुद्ध, मुस्लिम, क्रिस्चियन, किराँत र अन्य । हिन्दु (८०.६२ प्रतिशत) र त्यसपछि बुद्ध (१०.४७ प्रतिशत, मुस्ताङ, मनाङ र रसुवामा बहुसङ्ख्यक), मुस्लिम (४.२ प्रतिशत), किराँत (३.६ प्रतिशत, पाँचथरमा बहुसङ्ख्यामा), क्रिस्चियन (०.४५ प्रतिशत) र अन्य (शिख, बहाई, बोन, शमानिका र प्रकृतिपूजक ०.४ प्रतिशत रहेका छन् ।

**दलित :** १९ शताब्दीको मध्यदेखि २०४७ मा औपचारिक रूपमा रूपमा जातीय विभेदको खारेजी नभएसम्म जातिप्रथा कानुनी रूपमा परिभाषित संरचनाको रूपमा रहेको थियो । नेपालका दलितहरू यस्ता समुदायहरू हुन् जो ज्यादै नै गम्भीर जातीय विभेद र हिन्दु जातीय पद्धतिभित्र अछुतको रूपमा दुर्व्यवहारको सामना गरिरहेका छन् । राष्ट्रिय दलित आयोगले दुई दर्जनलाई दलित समूहका रूपमा सूचीवद्ध गरेको छ । २०५८ मा नेपालको कुल जनसङ्ख्याको १२.९ प्रतिशत दलितको थियो तर कुनै एउटा जिल्लामा पनि तिनीहरूको बहुमत रहेको छैन । दलितहरू आफैं सामाजिक र जातीय समूहमा विभाजित छन् र दलितहरूका विभिन्न समूहहरूबीच भेदभावपूर्ण अभ्यास विद्यमान छ ।

**महिला :** महिला अल्पसङ्ख्यक नभए पनि (महिला कुल जनसङ्ख्याको ५० प्रतिशतभन्दा बढी छन्) तिनीहरू नेपालमा परम्परागत रूपमा भेदमावमा पारिएका छन् । महिला कानुनमार्फत् (पैतृक सम्पत्तिको प्राप्ति, विदेशी श्रीमानलाई नागरिकता प्रदान गर्नमा सीमाहरू) प्रथा र सामाजिक अभ्यासमार्फत् विभेदमा परेका छन् । महिलाहरू पुरूषको तुलनामा अशिक्षित, गरिब र उच्च मृत्युदरमा छन् । यो कुरालाई विचार गर्दा महिलाहरू ऐतिहासिक रूपमा सीमान्तीकृत भएका छन् र महिला अधिकारलाई कानुनअन्तर्गत विशेष संरक्षण प्रदान गर्नु आवश्यक छ ।

## ९. अल्पसङ्ख्यकको अधिकारका सम्बन्धमा संविधान सभाका विकल्पहरू के के छन् ?

संविधान सभालाई, सामाजिक समावेशितामा प्रतिवद्ध धर्मनिरपेक्ष, प्रजातान्त्रिक तथा सङ्घीय नेपाल सिर्जना गर्ने संविधानको मस्यौदा तयार गर्ने कार्याधिकार प्रदान गरिएको छ । यसले

संविधान सभालाई दस्ताबेजभन्दा माथि उठेर नेपालका सबै धर्म, भाषिक समुदाय र महिलावर्गलाई समान रूपबाट व्यवहार गर्दै उनीहरूका समान पहिचान स्थापित गरी राष्ट्रिय जीवनका सबै पक्षमा उनीहरूलाई अवसर प्रदान गर्ने कुरा सुनिश्चित गर्ने सङ्घसंस्था तथा संयन्त्रहरू स्थापना गर्ने अवसर दिने छ । संविधानअन्तर्गत समान संरक्षण सुनिश्चित गर्नका लागि कतिपय उपायहरू अवलम्बन गर्न सकिने छ ।

**१.सङ्घीयता :** सङ्घीयताको एउटा उद्देश्य एउटै राष्ट्र स्थापना गरी धार्मिक, भाषिक, जातिय/जनजाति तथा आदिवाशी समुदायहरूलाई देशको शासन व्यवस्थामा सहभागी हुनसक्ने गरी राज्य तथा प्रान्तहरूको सिर्जना गर्नु हो । सङ्घीयतामार्फत् प्रान्त वा राज्यहरूलाई आफ्नै कार्यकारिणी, विधायिकी र न्यायिक प्रणाली स्थापना गर्ने अधिकार प्राप्त हुनसक्छ र त्यसपछि आफ्ना जनताको चाहना र अधिकारको राम्रो संरक्षण गर्नका लागि ती एकाइहरू सक्रिय हुनसक्छन् । प्रान्त वा राज्यका यी एकाइहरूले सबै नागरिकहरू - महिला र पुरूष, जात जाति तथा जनजाति समूहहरू -लाई सरकारमा सहभागिताका लागि अवसर पनि प्रदान गर्दछन् । सङ्घीयता र स्वायत्तताका व्यवस्थापनहरूले नेपालको विविधतालाई पहिचान गरिएको छ भन्ने सुनिश्चित गर्ने अवसर सिर्जना गर्दछन् । तर भेदभाव हुने छैन भन्ने कुराको सुनिश्चितताका लागि कानुनी र प्रशासनिक संयन्त्रहरू स्थापना गरिनु पर्दछ ।

**२. निर्वाचन प्रणाली :** संविधान सभाले अल्पसङ्ख्यक समूहहरूलाई तिनीहरूको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने निर्वाचन प्रणालीका बारेमा विचार गर्न सक्छ । समानुपातिक प्रतिनिधित्व यस्तो निर्वाचन प्रणाली हो, जसले अल्पसङ्ख्यकको हितको संरक्षण गर्न पहल गर्दछ । निर्वाचन प्रणालीका अतिरिक्त राष्ट्रिय र प्रान्तीय वा राज्यका विधायिकाहरूले त्यहाँका सरकारहरूमा अल्पसङ्ख्यक समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सिट प्रदान गर्नेबारेमा विचार गर्न सक्छन् ।

**३. संवैधानिक प्रावधान :** मौलिक अधिकारको भागमा समावेश भएका मानव अधिकार तथा अल्पसङ्ख्यक अधिकारका सबल प्रावधानहरूले अल्पसङ्ख्यकहरूका व्यक्तिगत तथा सामूहिक अधिकारहरू सँधै संरक्षित हुनेछन् भन्ने कुराको प्रत्याभूति गर्नेछन् । तर यी प्रतिबद्धताहरू व्यवहारमा कार्यान्वयन भएको कुरा सुनिश्चित गर्न कानुनी प्रावधानबाहेक राष्ट्रिय तथा स्थानीय तहमा मानव/अल्पसङ्ख्यक अधिकार आयोग जस्ता निकायहरू हुनुपर्दछ । सकारात्मक पहलको प्रतिवद्धताले विपन्न अल्पसङ्ख्यक समूहहरूलाई तिनीहरूको उत्थानका लागि अवसर हुनेछ भन्ने कुराको प्रत्याभूति गर्नेछ ।

यसका अतिरिक्त राज्यको नीति तथा निर्देशक सिद्धान्तको भागमा अल्पसङ्ख्यकको अधिकारको पहिचान तथा तिनीहरूको उत्थानको प्रतिवद्धताले राज्यका विभिन्न क्षेत्रगत नीतिहरूमा, जस्तो कि स्वास्थ्य, शिक्षा, रोजगारीमा, राज्यले अल्पसङ्ख्यकहरूलाई के प्रदान गर्दछ भन्ने कुराका सूचकहरू निश्चित गर्नेछ। त्यसैले संविधान निर्माण प्रक्रियाले अल्पसङ्ख्यकहरूलाई तिनीहरूका अधिकारका सम्बन्धमा बोल्ने तथा आफ्ना कुराहरू राख्नसक्ने अवसर सिर्जना गर्दछ। यसले अल्पसङ्ख्यकहरूको संरक्षण र उत्थानका लागि संरचना तयार गर्ने राज्यको उत्तरदायित्व पूरा गर्नका लागि राज्यलाई पनि अवसर प्रदान गर्दछ।

## ६. मानव अधिकारको विश्वव्यापी घोषणामा पहिचान गरिएका व्यक्तिगत अधिकारहरू के के हुन् ?

### नागरिक तथा राजनीतिक अधिकारहरू

| | |
|---|---|
| धारा ३ | प्रत्येक व्यक्तिलाई वैयक्तिक जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार |
| धारा ४ | दासत्व वा बाँधा प्रथाबाट मुक्ति |
| धारा ५ | यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट मुक्ति |
| धारा ६ | कानुनको दृष्टिमा व्यक्तिका रूपमा मान्यता पाउने अधिकार |
| धारा ७ | कानुन अन्तर्गत समान संरक्षणको अधिकार |
| धारा ८ | प्रभावकारी न्यायिक उपचारको अधिकार |
| धारा ९ | स्वेच्छाचारी गिरफ्तारी, थुना वा देशनिकालाबाट मुक्ति |
| धारा १० | स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष तथा खुला सुनुवाइको अधिकार |
| धारा ११ | दोषी नठहरिएसम्म निर्दोष मानिने अधिकार |
| धारा १२ | गोप्यता, परिवार, घर वा पत्राचारप्रति स्वेच्छाचारी हस्तक्षेपबाट मुक्ति |
| धारा १३ | आवागमन तथा बसोबासको स्वतन्त्रता |
| धारा १४ | शरण माग्ने अधिकार |
| धारा १५ | राष्ट्रियतासम्बन्धी अधिकार |
| धारा १६ | विवाह गर्ने र परिवार बनाउने अधिकार |
| धारा १७ | सम्पत्ति राख्ने अधिकार |
| धारा १८ | वैचारिक, अन्तर्विवेकीय तथा धार्मिक स्वतन्त्रता |
| धारा १९ | विचार तथा अभिव्यक्ति स्वतन्त्रता |

धारा २० शान्तिपूर्वक भेला हुने तथा संस्था खोल्ने अधिकार

धारा २१ आफ्नो देशको सरकारमा सहभागी हुने र आफ्नो देशको सरकारी सेवामा समान पहुँच प्राप्त गर्ने अधिकार

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू

धारा २२ सामाजिक सुरक्षाको अधिकार

धारा २३ काम गर्ने अधिकार र समान कामका लागि समान पारिश्रमिकको अधिकार

धारा २४ विश्राम र फुर्सद्को अधिकार

धारा २५ स्वास्थ्य र कल्याणका लागि पर्याप्त स्तरयुक्त जीवनयापनको अधिकार

धारा २६ शिक्षाको अधिकार

धारा २७ समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार

विश्वव्यापी मानव अधिकार घोषणा ३६० वटा भाषा (नेपालीसहित) मा पढ्नका लागि वेबसाइट **http://www.ohchr.org/EN/UDHR/Pages/Introduction.aspx** हेर्नुहोला ।

## जातीय वा जनजातिगत, धार्मिक र भाषिक अल्पसङ्ख्यकहरूका लागि घोषणापत्रमा सुनिश्चित भएका अधिकारहरू

धारा २.१ : आफ्नो संस्कृति मान्न पाउने, आफ्नो धर्म अवलम्बन गर्न पाउने र आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार

धारा २.२ : सांस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक र सार्वजनिक जीवनमा सहभागिताको अधिकार

धारा २.३ : आफ्नो समूहका सम्बन्धमा हुने राष्ट्रिय तथा स्थानीय निर्णय प्रक्रियामा सहभागी हुने अधिकार

धारा २.४ : सङ्गठित हुने अधिकार

धारा २.५ : आफ्नो समूहका सदस्यहरूसँग र अन्य अल्पसङ्ख्यक समूहका व्यक्तिहरूसँग सम्बन्ध राख्ने र सम्पर्क बनाई राख्ने अधिकार

धारा ३ : बिना भेदभाव अधिकारको अभ्यास गर्ने स्वतन्त्रता

घोषणापत्र पढ्नका लागि कृपया **http://www2.ohchr.org/english/law/minorities.htm** हेर्नुहोला ।

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ। यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौँ
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : **info@ccd.org.np**
वेबसाइट : **www.ccd.org.np**

